## ५

# परमेश्वर तर्फ फर्क र बाँच
## आमोस

*यस अध्यायको निम्ति पढ्नुहोस्:* आमोस ५:१-१५, हिब्रू ५:१४, यशैया ५:२०, आमोस ७:१०-१७, आमोस ९:११-१५, प्रेरित १५:१३-१८।

*स्मरण गर्नुपर्ने पद:* "१४ भलाइ गर्ने, खराब नगर्ने सङ्कल्प गर र तिमीहरू बाँचौला। तब तिमीहरूले दाबी गरेअनुसार परमप्रभु सर्वशक्तिमान् परमेश्वर साँच्चै तिमीहरूका साथमा रहनुहनेछ।" आमोस ५:१४, सरल नेपाली बाइबल।

मूल विचार: परमेश्वरको खोजीनिती गरेर उहाँतिर फर्क्यौं भनेमात्र हामीले अनन्त जीवन पाउँछौं भनेर आमोसले हामीलाई सम्झाउँछन्।

"यदि इस्राएलीहरू परमेश्वरप्रति बफादारी भएर उहाँको सत्यमा हिंडेको भए त्यसद्वारा परमेश्वरले यस्ता कामहरू गर्नुहुने थियो जसबाट त्यस राष्ट्रको महान् महिमा र सम्मान हुने थियो। यदि परमेश्वरको निर्देशन अनुसार तिनीहरू चलेको भए तिनीहरूलाई उहाँले प्रख्यात बनाउनुहुन्थ्यो। उहाँले सृष्टि गर्नुभएका अरू राष्ट्रहरूभन्दा तिनीहरूलाई अझ बढि सम्मान परमेश्वरले गर्नुहुन्थ्यो। तिनीहरूको धेरै प्रशंसा पनि गर्नुहुन्थ्यो। 'तिमीहरू पवित्र राष्ट्र हौ"' भनेर उहाँले घोषणा गरिसक्नुभएको थियो। 'सारा राष्ट्रहरूले देख्ने थिए कि तिनीहरू परमप्रभु परमेश्वरको मातहतमा छन् र तिनीहरूदेखि भय मान्थे होला।'....तिनीहरूकै चालामालाले तिनीहरू कत्तिको बुद्धिमानी र ज्ञानी भनेर अरू देशहरूले देख्ने थिए। ती विदेशी राष्ट्रहरूले तिनीहरूले पालन गरेका नितिनिर्देशनहरू सुन्ने थिए। अनि तिनीहरूले भन्ने थिए, "त्यस महान् राष्ट्रमा निश्चयनै बुद्धिमानी, ज्ञानी र समझशक्तिभएका मानिसहरू छन्।" (व्यवस्था २६:१९, २८:१०, ४:६ रूपान्तरित)। तर मानिसहरूले परमेश्वरप्रति विश्वासघात गरेको हुनाले आफ्नो लक्ष्य पूरा गर्न तिनीहरूलाई निरन्तर रूपमा दण्ड दिनुको बिकल्प थिएन।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. २८बाट रूपान्तरित।

यस अध्यायमा जब हामी आमोसको पुस्तकको अध्ययनलाई निरन्तरता दिन्छौं तब हामीले यो कुरा बुझ्न कोशिश गर्नेछौं कि

मानिसहरू आफ्ना पापहरू त्यागेर परमेश्वरतिर फर्क भनेर परमेश्वरले नै बारम्बार अनुरोध गर्न प्रयास गर्नुभएको थियो। तिनीहरूको जीवनको आशा केवल उहाँमात्रै हुनुहुन्छ भनेर परमेश्वरलाई थाहा थियो। हाम्रै जीवनको अन्तमा दुईमा केवल एकमात्र चुन्ने अवसर पाउँछौं: त्यो हो, जीवन कि मृत्यु। बाइबल धर्मशास्त्रले मध्यम मार्गलाई खुला गरिएको छैन। मानिसले चुन्ने अनन्त जीवन र अनन्त मृत्युको बीचमा कडा भिन्नता केही हदमा आमोसले देखाएको सामग्री यस अध्यायमा हेर्नेछौं।

## १. अधर्म र दुष्टताप्रति वितृष्णा जगाऊ र परमेश्वरलाई प्रेम गर (आमोस ५:१४,१५)

इस्राएल अत्यन्त अधोगतितीर झर्दै थियो। त्यहाँको परिस्थिति अत्यन्त खराब हुँदै थियो। त्यस देशले फोहर राजनिती र पापमा पौडी खेलिरहेको थियो। त्यो देश यस्तरी खस्किन्दै गएको थियो कि त्यो देश टुक्राटुक्रा हुन तयार भएको थियो। त्यही कारणले आमोसले अत्यन्त बिलाप गरेर इस्राएलको आउनेवाला मृत्युको बारेमा कथा रचेका थिए (आमोस ५:१-१५)। जब परमेश्वरका अगमवक्ताले लेखेका वचनहरूमा तिनीहरूको र परमेश्वरको वचनमा भिन्नता नभएको पाइन्छ। त्यही कारणले आमोसले बिलाप गरेर लेखेको गीत इस्राएलीहरूतिर लक्षित गरेर लेखेको परमेश्वरको पनि बिलौना थियो।

यथार्थमा आमोस ५:१-१५को गीत मलामीले गाउने गीत थियो। इस्राएलका नागरिकहरूले कस्ता खालका दु:ख भोग्नुपर्नेछ भनेर थाहापाएर तिनीहरूमा झस्का होओस् भनेर आमोसले लेखेका थिए। यदि मानिसहरू निरन्तररूपमा पापकै दलदलमा फसिरहे तिनीहरूको मृत्यु निश्चित थियो। तर आफ्ना पापहरूलाई स्वीकार गर्दै दुष्ट कामहरूलाई त्यागेर परमेश्वरतिर फर्कियो भने तिनीहरू बाँच्ने थियो। आफ्नो इच्छा अनुसार मानिस चलोस् भनेर परमेश्वर अपेक्षा गर्नुहुन्छ।

**आमोस ५:१४,१५का भनाई यसरी स्पष्ट छन्: "१४ भलाइको खोजी गर, खराबीको होइन, र तिमीहरू बाँचिरहो। तब तिमीहरूले भनेझैं सर्वशक्तिमान् परमप्रभु परमेश्वर तिमीहरूसँग रहनुहुनेछ। १५ खराबीलाई घृणा, भलाइलाई प्रेम गर। न्यायालयमा न्याय कायम राख। शायद सर्वशक्तिमान् परमप्रभु परमेश्वरले योसेफका बाँचेकाहरूमाथि कृपा गर्नुहुनेछ।" दुष्ट नियत तथा कामहरूप्रति वितृष्णा कसरी जगाउने,**

**सर्वहित तथा असल कामलाई कसरी अँगाल्ने? त्यस सन्दर्भमा बाइबलको अरू पुस्तकहरूमा उल्लेख गरेको हेरौं: हिब्रू ५:१४मा यसरी भन्दछः "१४ खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।" रोमी १२:९-१३, "९ प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। १० भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। ११ जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। १२ आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। १३ सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।" हितोपदेश ८:३४-३६, "३४ त्यही मानिस सुखी हो, जसले मेरो वचन सुन्छ, जो दिनहुँ मेरो ढोकामा नियालेर हेर्दै, मेरो ढोकानेर पर्खिरहन्छ। ३५ किनभने जसले मलाई भेट्टाउँछ, त्यसले जीवन पाउँछ, र परमप्रभुको निगाह प्राप्त गर्छ। ३६ तर जसले मलाई भेट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी गर्छ। मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ।"**

हो, पाप गर्न रोक र दुष्ट फटयाईं आदिलाई त्याग र असल काम गर्न उत्सुक होओ भनेर  आमोसले मानिसहरूलाई आह्वान गर्दछन्। आमोसको निर्देशनमा तिन कदमहरू छन्। बाइबलमा प्रेम (हिब्रू भाषामा एहाभ ahav) र घृणा (हिब्रू भाषामा सेन  sane) प्रायजसो निर्णायक भावनाहरू हुन्। त्यसले क्रियाशील हुन मानिसहरूलाई जगाउँछन्। ती केवल सदविचार, दर्शन वा मनिस्थितिमात्र होइन। तिनीहरू केवल भावनामै सिमित राख्ने गुण वा अवगुण होइन।  स्पष्ट रूपमा भन्ने हो भने यदि मानिसहरूको मनिस्थितिमा परिवर्तन आउँछ भने तिनीहरूको क्रियाकलापमा पनि परिवर्तन ल्याउनेछन्। (चोला परिवर्तन होइन, आत्मपरिवर्तनले मानिसको चालामालालाई देखाउँदछन्)।

**माथि व्यक्त गरेका विचारलाई मनमा राखेर यशैया ५:२०मा दिएको यस्तो खबरदारीलाई तपाईंले के भन्नुहुन्छ? "२० धिक्कार तिनीहरूलाई, जसले खराबलाई असल र असललाई खराब भन्दछन्, जसले अँध्यारोलाई उज्यालो र उज्यालोलाई अँध्यारो मान्दछन् अनि तीतोलाई मीठो र मीठोलाई तीतोको निम्ति लिन्छन्।"**

"सबै खराब समयमा मानिसहरूले आफ्नो चेतनालाई परमेश्वरको धारमा राखेर निडर भएर उहाँको सेवा गर्नुपर्दछ। त्यो स्थितिमा आफूलाई थामि राख्न तिनीहरूमा साहश, अपरिवर्तनीय शङ्कल्प, परमेश्वरको बारेमा आत्मज्ञान र उहाँको वचनको (बाइबल) अत्यावश्यक हुन्छ। तिनीहरू हरदम आक्रमणको शिकार भइ नै रहेको कारणले उपरोक्त लक्षणहरू तिनीहरूलाई चाहिन्छ। तिनीहरूको उत्कृष्ट प्रयासलाई पनि मानिसहरूले गलत ढङ्गमा लिन सक्दछ। तिनीहरूले बदनाम पनि कमाउन सक्दछन्। मानिसको मनलाई प्रभाव पार्न र उसको समझशक्तिलाई अलमलमा पार्न सैतानले आफ्नो सारा शक्ति प्रयोग गरिरहेको हुन्छ। (सबैले गरि नै रहेको छ भनेर) सैतानले खराब पनि असल देखाउन खोज्नेछ र असललाई खराब देखाउन प्रयास गर्नेछ।"एलेन जी ह्वाइट, द आक्ट्स अभ आपोस्टल्स, पृ. ४३१बाट रूपान्तरित।

**असललाई खराब र खराबलाई असल भनेर देखाउने छलमा हामी पर्दछौं भने असललाई माया कसरी गर्ने र दुष्टताप्रति वितृष्णा वा वाक्क कसरी जगाउने? भ्रमको खेतीमा संलघ्न नहुन हामीले कुन सुरक्षा निति अपनाउनुपर्दछ?**

## २. लोक संस्कारमा चलेको सबैले मान्ने सामान्य धर्मकर्म (आमोस ५:२३,२४)

**देहायका पदहरूले के भनिरहेकाछन्, ध्यान दिएर पढ्नुहोस्: आमोस ५:२१-२४ "२१ "तिमीहरूका धार्मिक चाड़हरूलाई म घृणा गर्दछु, तिमीहरूका सभाहरू म सहन सक्दिनँ। २२ तिमीहरूले मेरो निम्ति होमबलि र अन्नबलि चढ़ाए तापनि म ती ग्रहण गर्नेछैनँ। तिमीहरूले चढ़ाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ। २३ तिमीहरूका सङ्गीतहरूको हल्ला मदेखि टाढ़ा राख। म तिमीहरूका वीणाहरूका सङ्गीत सुन्न चाहन्नँ। २४ तर न्यायचाहिँ नदीझैं र धार्मिकता कहिले नसुक्ने खोलाझैं बगिरहोस्!" होशे ६:६, "६ किनभने म बलिदान होइन, दया चाहन्छु, र होमबलिभन्दा परमेश्वरको मान्यता अझ बढ़ी चाहन्छु।" मत्ती ९:१३, "... 'म बलिदान होइन, दया चाहन्छु।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ।" भजन ५१:१५-१७, "हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो जिब्रोले तपाईंको प्रशंसाको घोषणा गर्नेछ। १६ किनकि तपाईं बलिमा**

**प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। १७ तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।"**

**उपरोक्त पदहरूले देखाएका आत्मिक नितिहरू हामी सेभेन्थ-डे एडभेन्टिस्ट भनेर दावी गर्ने येशूभक्तहरूले कसरी अपनाउने? आमोसको चेतावनीलाई वेवास्ता गर्नेहरूमा हामी कत्तिको दोषी छौं? (यो पनि सम्झनुहोस्, झुट र भ्रममा पौडी खेल्न हामीलाई धेरै सजिलो छ)।**

बाइबलका अरू पुस्तकहरू भन्दा बेसी आमोसले अन्याय, अत्याचार र निर्दयी, कठोरपनाप्रति आक्रमक भएको पाइन्छ। आफ्नो वर्चस्व वा प्रभुत्व कायम राख्न अरूलाई दवाउने, धम्क्याउने, हेप्ने जस्ता प्रवृत्तिहरूलाई परमेश्वरले कस्तो ठान्नुहुन्छ भनेर पनि आमोसले प्रकट गर्दछन्। परम्पराको नाउँमा ठण्डा वा उत्साहरहित, देखावटी र निरर्थक धर्मकर्महरू परमेश्वरले वाक्क मान्नुहुन्छ, त्यसप्रति घृणा गर्नुहुन्छ भनेर आमोसले मानिसको धर्मकर्मको भन्डाफोर गर्दछन्। असल, न्यायी र उचित मार्गमा हिंड्न आफूहरूलाई सुधार गर भनेर आमोसले आह्वान गर्दछन्। अरूलाई शोषण गरेर, अरूलाई प्रयोग गरेर धनी हुनेहरूको निरर्थक, देखावटी र चिसो उपासना तथा आराधनाहरूप्रति परमेश्वर प्रसन्न हुनुहुन्न। तिनीहरूको चालामाला वा आचरणले परमेश्वरलाई पछ्याउने भनेको के हो सो नबुझेको देखाउँछ। परमेश्वरको व्यवस्थाको गहिरो अर्थ पनि तिनीहरूले पूर्णरूपमा गलत ढङ्गमा वाख्या गरेको उहाँले निको मान्नुहुन्न।

विश्वास तथा आस्था अनुसार जीवन निर्वाह नगरेकोले मानिसहरूको कुनै पनि धार्मिक कामहरूलाई परमेश्वरले ग्रहण गर्न इन्कार गर्नुहुन्छ। परमेश्वरलाई खोज, उहाँतर्फ फर्क र बाँच भन्ने आमोसको निर्देशन आमोस ५:१४,१५मा हेर्‍यौं। परमेश्वरलाई खोज्नु भनेको त्यस ताकाका प्रख्यात तिर्थस्थल वा धार्मिक केन्द्रहरू जस्तै बेथेल, गीलगाल वा बेथशीवा (आमोस ५:५)मा गएर तिर्थयात्री हुनु भनेको होइन। किनभने धार्मिक क्षेत्र भएका ती तिनैवटा शहरहरू र अरू आराधना गर्ने स्थलहरूको नाश हुनेछ भनेर भविष्यवाणी गरिएको थियो।

त्यस राष्ट्रमा न्याय, इमान्दारीपना, धर्मपरायणता र पवित्र जीवन फैलिएको परमेश्वर साँच्चिकै चाहनुहुन्थ्यो। "परमेश्वरतिर फर्क वा

उहाँको खोजी गर" भन्नुको अर्थ नै "सबैको हित गर्न प्रयास गर" भनेको हो। थोरै भएपनि परमेश्वरमा आस्था राख्ने विश्वासीहरू खराब आचरण र देखावटी तथा चिसो धार्मिक सेवाहरूबाट अलग बस भनेर उहाँले आह्वान गर्नुहुन्छ। सङ्लो नदी जस्तो न्याय र धर्मपरायणता बहन दिनुपर्दछ। न्यायी हुनु भनेको परमेश्वरको दृष्टिमा जे उचित छ सो गर्नु हो। धर्मपरायणता भनेको परमेश्वर र समाजका अरूहरूसँगको सम्बन्धमा उचित जीवन यापन गर्नु हो। धर्मका पोसाक लगाउने कत्तिका मानिसहरूका धर्मकर्म वा संस्कारहरू केही पनि होइन बरू तिनीहरू केवल देखावटी, वेकारका हुन् र परम्पराको नाउँमा ढोंगी भएर गर्ने पूजाआजा निरर्थक छन् भनेर आमोसले चित्रण गर्दछन् भने मानिसहरूको चोला होइन बरू मन परिवर्तन गरेर सच्चा इमान्दारीसाथ परमेश्वरमा आउनुपर्दछ र सत्य आस्थामा रहनुपर्दछ भनेर आमोसले सबैलाई सम्बोधन गर्दछन् (व्यवस्था १०:१६ पनि त्यही सन्दर्भमा पढ्नुहोस्)।

अरूलाई खुशी पार्ने, अरूलाई आफू कतिको असल वा धर्मात्मा छु भनेर देखाउने जस्ता धर्मका आचरणहरू कस्तो निरर्थक र बेकारको छ भनेर थाहा पाएपछि त्यसप्रति हामी सतर्क हुनु कत्तिको अनिवार्य छ सोच्नुहोस्।

## ३. परमेश्वरको प्रवक्ता अर्थात् अगमवक्ता हुन आह्वान (आमोस ७:१०-१७)

यहूदा राज्यमा रहेको टेकोवा प्रान्तमा आमोसको घर थियो। तर इस्राएलमा भविष्यवाणी गर्न परमेश्वरले उनलाई खटाइएको थियो। आफ्नो देशको उत्तरी राष्ट्र इस्राएलमा गएर उनले यस्तो प्रभावकारी रूपमा प्रचार गरेकि त्यहाँका मानिसहरूले उनको वचनलाई खप्नै सकेनन् (आमोस ७:१०)। धेरै इस्राएलीहरूले आमोसलाई शङ्काको दृष्टिले पनि हेरेका थिए। आमोसलाई परमेश्वरको दूत भनेर इस्राएलीहरूले स्वीकार गर्न चाहेनन्। तैपनि परमेश्वरको खटनमा आमोसले अगमवक्ता भएर आफ्नो काम इमान्दारीपूर्वक सम्पन्न गरे।

**आमोस ७:१०-१७मा यसरी लेखिएको छः "10 तब बेथेलका पूजाहारी अमस्याहले इस्राएलका राजा यारोबामकहाँ समाचारवाहकलाई यसो भनेर पठाए, "इस्राएलका घरानाको बीचमा आमोसले तपाईंको विरुद्धमा एउटा षड्यन्त्र रचिरहेछ। यस देशले त्यसका सबै कुरा खप्न**

सक्दैन, **11** किनकि आमोसले यसो भनिरहेछः 'यारोबाम तरवारद्वारा
मारिनेछन्, र इस्राएल निश्चय नै आफ्नो देशदेखि टाढ़ा कैदमा जानेछ'।"
**12** तब अमस्याहले आमोसलाई भने, "हे दर्शी, यहाँबाट भागेर यहूदामा
जाऊ, र त्यहीँ रोटी खाऊ अनि आफ्नो अगमवाणी कह। **13** बेथेलमा
फेरि कहिल्यै अगमवाणी नकह, किनभने यो त राजाको शरणस्थान र
राज्यको मन्दिर हो।" **14** आमोसले अमस्याहलाई यो जवाफ दिए, "म
त अगमवक्ता थिइनँ, र अगमवक्ताको छोरो पनि होइनँ। तर म एउटा
गोठालो र अञ्जीरका रूखहरू हेरचाह गर्ने मानिस थिएँ। **15** तर
परमप्रभुले मलाई भेड़ाबाखा चराउनबाट बोलाउनुभयो, र मलाई भन्नुभयो,
'जा, गएर मेरो प्रजा इस्राएललाई अगमवाणी कह'। **16** यसैले अब
परमप्रभुको वचन सुन। तिमी भन्छौ, 'इस्राएलको विरुद्धमा अगमवाणी
नकह, र इसहाकका घरानाको विरुद्धमा प्रचार गर्न छोड़िदेऊ'। **17**
यसकारण परमप्रभु यसो भन्नुहुन्छः 'तिम्री पत्नी सहरमा एउटी वेश्या
हुनेछ, तिम्रा छोराछोरीहरू तरवारले काटिनेछन्, तिम्रो देश नापिनेछ र
बाँड़िनेछ। तिमी आफैचाहिँ एउटा मूर्तिपूजक देशमा मर्नेछौ, र
इस्राएलचाहिँ निश्चय नै आफ्नो देशबाट टाढ़ा निर्वासनमा लगिनेछ'।"

**के सान्दर्भिक परिस्थिति त्यहाँ उल्लेख गरिएको छ? आमोसका सम्बोधनमा केही अपरिचित कुरा छ त? बाइबलको अन्त भागहरूमा पनि त्यस्तै खालका परिस्थितिहरू पाइन्छ। ती सबै उदाहरणहरूबाट हामीले के सिक्नसक्छौं**

आमोसको प्रचारप्रसारलाई इस्राएलका धेरै मानिसहरूले मन पराएका थिएनन्। ती मध्ये आमजिया पनि थियो। तिनी बेथलको पूजाहारी थियो। इस्राएली राजको खिलाफमा बिद्रोह गरिरहेको छ भनेर आमजियाले आमोसलाई दोषारोपण गरे। बेथलमा दुई राजकिय मन्दिरहरू थिए। त्यस स्थान गलत अर्थात् झुटो आराधानाको केन्द्र थियो। यदि इस्राएलीहरूले पश्चाताप नगरी गलत बाटो अङ्गाली नै रहे त्यस देशको राजालाई तरवारले मारिनेछ भनेर सार्वजिनक रूपमै आमोसले भविष्यवाणी गरेका थिए। त्यहाँका नागरिकहरूलाई दासत्व अर्थात् युद्धवन्दी बनाएर लैजाने छ भनेर उनले घोषणा गरेका थिए। तर आमजियाले आमोसलाई आफ्नै देश यहूदामा फर्क भने। इस्राएलको विरुद्धमा त्यहाँ बोले भने यहूदाका मानिसहरू खुशी हुनेछन् भनेर आमोसलाई त्यस पूजाहारीले सल्लाह दिए।

त्यस पूजाहारीको जवाफमा आमोसले यो दावी गरेक कि अगमवक्ता हुन उनलाई परमेश्वरले नै खटाउनुभएको थियो। भविष्यवाणी गरेर जीविका धान्ने व्यवसाय आफ्नो थिएन भनेर उनले भने। पैसा पाउन परमेश्वरको दूत भएको होइन भनेर उनले भन्न खोजेका थिए। फाइदा पाउन भविष्यवाणी गर्नेहरू व्यवसायिक भविष्यवक्ताहरूबाट आमोस टाढै बसेको थियो।

सत्य कुरो बोल्यो भन्दैमा मानिसहरूले सधैं तपाईंको सराहना गर्छ भन्ने छैन, न त तपाईंको कुरो सुन्ने नै छ भन्ने छैन। किनभने कतिपय सत्य कहिलेकाहीँ तितो पनि हुनसक्छ र मानिसहरूलाई असजिलो बनाउन सक्छ। जो अधिकार लिएर बसेका छन् वा अरूलाई हुकुम चलाउन आफूलाई खटाइएको छ भनेर दावी गर्दछन्, त्यस्ता मानिसहरूको निम्ति सत्य वचन वाधक हुनसक्दछ। मानिसहरूलाई क्रोधित पनि बनाउन सक्दछ। खुला रूपमा निडर भएर राजा, राजकिय खान्दान र अधिकारमा बसेका मानिसहरूको पापहरूलाई आमोसले भण्डाफोर गरेका थिए। उनको त्यो चर्तिकलालाई देखेर मानिसहरूले उनी राजद्रोही भएको दोष लगाए।

**हामीहरूका काम र जीवनशैली परमेश्वरसम्मत छैन र पापतिर धकेल्दै छ भनेर परमेश्वरले हामीलाई औंल्याउनुभयो भने हामीहरूको मनोभाव कस्तो हुनेछ? त्यसको जवाफले हामीहरूको मनस्थिति र हृदयलाई परिवर्तन गर्न जरूरी छ भनेर, के देखाउँदैन त?**

## ४. अत्यन्त भयाभव अनिकाल (आमोस ८:११,१२)

**आमोस ८:११,१२मा गरेको सम्बोधनको अर्थ के हो? हेर्नुहोसः "११ परमप्रभु परमेश्वर भन्नुहुन्छ, "यस्ता दिनहरू आउँदैछन्, जब म देशमा अनिकाल ल्याउनेछु– जुनचाहिँ न त अन्नको अनिकाल न पानीको तिर्खा हो, तर परमप्रभुको वचन सुन्ने तृष्णाको अनिकाल हुनेछ। १२ मानिसहरू परमप्रभुका वचनको खोजीमा एक समुद्रदेखि अर्को समुद्रसम्म, र उत्तरदेखि पूर्वसम्म धरमरिँदै हिँड्नेछन्। तर तिनीहरूले त्यो पाउनेछैनन्।"**

इस्राएलीहरू पापप्रति मोह भएको हुनाले तिनीहरूलाई परमेश्वरले सजायँ दिनुहुनेछ र त्यसको परिणाम अत्यन्त भयङ्कर हुनेछ भनेर आमोसले आमोस ८मा वयान गर्दछन्। अनिकालको कारणले अन्नको अभाव भएर इस्राएल देशमा हाहाकार त हुनेछ नै। तर पद ११,१२मा

अर्को चर्को अनिकालको बारेमा वाख्या गरिएको छ, त्यो परमेश्वरको वचन सुन्न मानिसहरू भोकाउनेछन् र तिर्खाउनेछन्। तर परमेश्वर मौन रहनु हुने भएकोले मानिसहरूले उहाँको वचन सुन्न पाउनेछैन। तिनीहरूको सबभन्दा खेदजनक वा दुःखलाग्दो परिस्थिति वा अनिकाल भनेकै त्यो भन्दा अरू हुनेछैन।

जब इस्राएलका मानिसहरू महान् शङ्कष्टमा पर्दथे तब प्रायजसो त्यसको सहायताको निम्ति मानिसहरू परमेश्वरतिर फर्कन्थे। (र परमेश्वरका दूतहरूमार्फत तिनीहरूलाई सहायता दिनुहुन्थ्यो)। तब अहिले तिनीहरूले जतिसुकै प्रार्थना, आराधना गरेपनि तिनीहरूको जवाफ परमेश्वरले दिनुहुने छैन। उहाँको जवाफ भनेकै उहाँको मौनता हुने छ। परमेश्वरले आफ्ना अगमवक्ता वा दूतहरूबाट आफ्नो वचन सुनाउन इन्कार गर्नु नै उहाँका मानिसहरूले पाउने पापको सजायँ थियो।

यदि परमेश्वरका जनहरू उहाँको खिलाफमा चलिनै रहे वा उहाँका निर्देशनहरू पालन गर्न अश्वीकार नै गरिरहे तिनीहरूले परमेश्वरको वचन सुन्न उत्सुक भएतापनि त्यो वचन उनीहरूले सुन्न पाउनेछैन भनेर आमोसले भन्दछन्। पापको ढिपीमा लागि नै रहने मानिसहरूले परमेश्वरको न्यायमा सहभागी हुनुपर्नेछ र त्यस समय मानिसहरूले परमेश्वरको वचन सुने भनेतापनि उहाँतिर फर्कन ढिलो हुनेछ। उहाँको न्यायबाट पापको मोहमा फसिरहने कोहि पनि भाग्न सक्नेछैन। इस्राएलले परमेश्वरको अनुमतिमा ल्याउने सबै विपत्तीहरू भोग्नु पर्नेछ किनभने उहाँले आमोसबाट दिनुभएको सन्देशलाई तिनीहरूले सुन्न अश्वीकार गरेका थिए। राजा सावलले आफ्नो अन्तिम युद्धमा परमेश्वरको वचन सुन्न अत्यन्त चाहना गरेका थिए तर पाएनन् (१ शमूयल २८:६), त्यसरी नै कतिपय मानिसहरूले एक दिन परमेश्वरको वचनको चाहना गर्नेछन् तर त्यो चाहना पूरा हुनेछैन। यथार्थमा त्यसै वखत तिनीहरूले यो महशूस गर्नेछन् कि तिनीहरूलाई परमेश्वरको वचन कत्तिको खाँचो रहेछ, तर त्यो सुन्न ढिलो हुनेछ।

धेरै मानिसहरूले परमेश्वरको वचन सुन्न र पढ्न खोजनिति गर्नेछन्। त्यो त्यही वचन थियो जुन परमेश्वरका दूतले दिएको सन्देश त्यस बेला सुन्न वेवास्ता गरेका थिए। युवायुवतीहरूले त्यस विषयमा धेरै दुःख पाउनेछन्। बुढापाकाहरूले विगतको समयमा परमेश्वरको वचन सुन्न पाएका थिए तर त्यसलाई ग्रहण गर्न अश्वीकार गरेका थिए। त्यो

समय आउनेछ युवायुवतीहरूले अगमवक्ता वा परमेश्वरका दूतले प्रचार गरेको सन्देश सुन्न अवसर कहिले पनि पाउनेछैनन्।

परमेश्वर मौन रहनुहुँदा त्यसको परिणाम कस्तो भयावह हुनेछ भनेर देहायका पदहरूले बताएको मनन् गर्नुहोस्ः १ सामूयल १४:३७, "३७ यसकारण शाऊलले परमप्रभुलाई सोधे, "के म पलिश्तीहरूलाई खेदौं? के तपाईंले उनीहरूलाई इस्राएलको हातमा सुम्पिदिनुहुनेछ?" तर त्यस दिन परमेश्वरले उनलाई केही जवाफ दिनुभएन, भजन ७४:९ "९ हामी कुनै पनि आश्चर्य चिन्हहरू देख्दैनौं, अब कुनै अगमवक्ता बाँकी छैनन्, र यो कतिञ्जेल रहन्छ हामीमध्ये कसैलाई थाहा छैन।", हितोपदेश १:२८ "२८ "तब तिनीहरू मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैन, तिनीहरूले मेरो खोजी गर्नेछन्, तर मलाई भेट्टाउनेछैनन्।", बिलाप २:९, "९ त्यसका मूल ढोकाहरू भूईंमै भासिए। उहाँले त्यसका गजबारहरू भत्काएर नष्ट पार्नुभयो। त्यसका राजा र राजकुमारहरू अन्य-जातिहरूका बीचमा निष्कासित छन्, र व्यवस्था रहँदैन। अनि त्यसका अगमवक्ताहरूले पनि परमप्रभुबाट केही दर्शन पाउँदैनन्।", होशे ५:६ "६ जब तिनीहरू आफ्ना भेड़ाबाख्रा र गाई-गोरुका बगाल लिएर परमप्रभुलाई खोज्न जान्छन्, तब तिनीहरूले उहाँलाई पाउनेछैनन्। उहाँले आफूलाई तिनीहरूदेखि हटाउनुभएको छ।" र मीका ३:५-७ " परमप्रभु यसो भन्नुहुन्छ, "मेरो प्रजालाई कुमार्गमा हिँड्न लाउने अगमवक्ताहरूचाहिँ कसैले तिनीहरूलाई खान दिँदा तिनीहरू शान्तिको घोषणा गर्छन्। यदि त्यसले खान दिएन भने, त्यसको विरुद्धमा लड़ाइँ गर्न तिनीहरू तयार गर्छन्। ६ यसकारण तिमीहरूमाथि दर्शनरहितको रात आइपर्नेछ। अन्धकार हुनेछ, तर तिमीहरूले जोखना हेर्न पाउनेछैनौ। अगमवक्ताहरूका निम्ति सूर्य अस्ताउनेछ, र दिनचाहिँ तिनीहरूका निम्ति अँध्यारो हुनेछ। ७ दर्शन देख्नेहरू लज्जित हुनेछन्, र जोखना हेर्नेहरू लाजमा पर्नेछन्। तिनीहरू सबैले आफ्नो मुख छोप्नेछन्, किनभने तिनीहरूले परमेश्वरबाट जवाफ पाउनेछैनन्।"

प्रीय पाठकवृन्दहरू, हामीहरूको जीवनमा पनि परमेश्वरको आवाजलाई कसरी थिचोमिचो पारिराख्न सक्दछौं? उहाँको आवाज नसुन्न हाम्रो चेतनालाई कसरी अचे अवस्थामा राख्न सक्दछौं? त्यो कुरा सोच्दा के हामीलाई डर छैन त? तर त्यसको अर्थ के हो, गहिरिएर सोच्नुहोस्।

त्यो परिस्थितिमा हामी कहिलै पनि नपुग्न हामीले कस्ता कस्ता उपायहरू अपनाउनु पर्दछ, सोच्नुहोस्।

## ५. क्षतविक्षत भएको यहूदाको जिर्णोद्धार (आमोस ९:११-१५)

अहिलेसम्म आमोसले मानिसहरूको पापलाई औंल्याएर तिनीहरूको अन्धकारमय जीवनको चित्रण गरेको हामीले हेरिरहेका थियौं। तिनीहरूको चालामालाले गर्दा परमेश्वर रूष्ट भएर तिनीहरूको न्याय गर्न उहाँ वाध्य हुनुभएको थियो भनेर पनि हामीले पढेका थियौं। तर परमेश्वरको अगमवक्ता आमोसले ती मानिसहरूलाई अन्धकारमै छोडन् चाहेको थिएन, त्यसकारण भविष्यमा परमेश्वरले गर्नुहुने जिर्णोद्धार अर्थात् आदर्श राज्यको पुनःस्थापनाको बारेमा उहाँको महान् तथा महिमित प्रतिज्ञा पनि तिनीहरूलाई सुनाएका थिए। आमोस ९:११-१५मा उनले भन्दछन्ः " "त्यस दिन म दाऊदको ढलेको वासस्थानलाई पुनर्स्थापन गर्नेछु, र त्यसका प्वालहरू मरम्मत गर्नेछु। अनि भत्केको अवस्थाबाट त्यसलाई म खड़ा गर्नेछु र अघिजस्तै गरी म त्यसलाई निर्माण गर्नेछु, १२ ताकि तिनीहरूले एदोमको बाँकी रहेका, र मेरो नाउँ भएका सबै जाति-जातिलाई अधिकार गरून्।" यसै नै गर्नुहुने परमप्रभु घोषणा गर्नुहुन्छ। १३ "यस्ता दिन आउँदैछन्," परमप्रभु भन्नुहुन्छ, "जब कटनी गर्नेलाई हलो जोत्नेले उछिन्नेछ, र बीउ छर्नेलाई दाख पेल्नेले उछिन्नेछ। पर्वतहरूबाट नयाँ दाखमद्य चुहुनेछ, र सबै डाँड़ाहरूबाट त्यो बहनेछ। १४ म मेरो निर्वासनमा गएका प्रजा इस्राएललाई फर्काएर ल्याउनेछु। ध्वंस भएका सहरहरूलाई तिनीहरूले फेरि निर्माण गरेर तिनमा वास गर्नेछन्। तिनीहरूले दाखबारीहरू लगाएर तिनका दाखमद्य पिउनेछन्। तिनीहरूले बगैंचाहरू बनाएर तिनका फलहरू खानेछन्। १५ म इस्राएललाई तिनीहरूकै देशमा कहिल्यै नउखेलिने गरी बसाल्नेछु, जुन देश मैले तिनीहरूलाई दिएको छु," परमप्रभु तिमीहरूका परमेश्वर भन्नुहुन्छ।" परमेश्वरको न्यायको दिन भनेको अधर्मीहरूलाई दण्ड दिने दिन भनेर उनले आमोस ५:१८मा भनेका थिए। अब मुक्तिको दिनको बारेमा उनी वर्णन गर्दछन्। दण्ड होइन मुक्तिको चाहना मानिसहरूले गरोस् भन्ने परमेश्वरको सदिच्छा थियो। त्यसकारण आमोसको पुस्तकमा उल्लेख गरेको परमेश्वरको अन्तिम वचन नै मानिसहरूलाई उद्धार दिने वाचा थियो। दण्ड पछि

मुक्ति त आउनेछ तर मुक्तिको सट्टामा दण्ड दिने परमेश्वरको चाहना थिएन।

अन्धकार, नैराष्य, विनाशको वातावरणलाई औँल्याएपछि आमोसले आफ्नो पुस्तक आशाको सन्देशद्वारा अन्त गर्दछन्। विदेशीको दासत्वको सामना गर्नुपरेको एक फेरा गरिमामय दाउदको राज्य यस्तरी पतित भएको थियो कि त्यसलाई घर भन्न पनि सुहाएको थिएन। बरू उनको राज्यलाई झोपडपट्टी राज्य भन्ने अवस्थामा पुगेको थियो। तर पछि एक जना शासकको अन्तर्गत दाउदको राज्यलाई एकत्रित गर्नेछ र त्यसको पुनःस्थापना हुनेछ। अनि इस्राएलको सिमानाभन्दा बाहिर रहेका अरू देशहरूले परमेश्वरको नाउँको पुकारा गर्नेछन् र जुन आशिष उहाँबाट इस्राएलीहरूले पाएका थिए त्यही आशिषमा ती राष्ट्रहरू पनि सहभागी हुनेछन्। आशा र सुखदको टिप्पनी गरेर आमोसले आफ्नो पुस्तक अन्त गर्दछन्।

मानिसहरूलाई दण्ड दिने कुरामा मात्र लक्षित गरेर बाइबलका अगमवक्ताहरूले सिकाएका थिएनन्। प्रत्येक खबरदारीको पछाडि परमेश्वरको सदाशयता र उद्धारको आह्वान जोडिएका थिए। यद्यपि, परमेश्वरका राष्ट्र भनेर कहालाइने तर उहाँको गरिमा अनुसार चल्न नचाहने त्यस राष्ट्रले पाएका दासत्वको चेतावनी संयोग नभएर यथार्थ नै थियो। तर बाँकिभएका थोरै भएतापनि परमेश्वरका भक्तजनहरूलाई त्यस राष्ट्रको पुनःनिर्माण गरिने प्रतिज्ञा दिइएको थियो। त्यसले गर्दा ती आँशिक विश्वासीहरूमा परमेश्वरमा बफादारी भएर बस्न हौशला मिलेको थियो। हो, थोरै भएतापनि बाँकि भएका परमेश्वरका भक्तजनहरूले उहाँले गर्नुभएको करारको नविकरणको स्वाद पाउनेछन्। परमेश्वरको दण्डलाई अनुभव गरेका मानिसहरूले उहाँको उद्धारको कार्य देख्नेछन् र साथै यस क्षतविक्षत भएको पृथ्वीको पनि पुनःनिर्माण भएको देख्नेछन्।

**परमेश्वरका जनहरूको पुनःस्थापना गरिने उहाँको वाचालाई परमेश्वरले आमोसमार्फत मानिसहरूमा पुऱ्याउनुभएको थियो। त्यो वाचा कसरी पूरा भयो त? लूका १:३०-३३मा यसरी लेखिएको छः “स्वर्गदूतले तिनलाई भने, “नडराऊ, मरियम, किनभने तिमीले परमेश्‍वरबाट कृपा पाएकी छ्यौ। ३१ अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। ३२ उहाँ महान् हुनुहुनेछ, र परमप्रधानका पुत्र कहलाइनुहुनेछ, र परमप्रभु**

परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ। ३३
उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको
अन्त्य हुनेछैन।" त्यसरी नै प्रेरित १५:१३-१८मा लेखिएको छः "१३
तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्,
१४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति
छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै
कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ, १६ 'यी
कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु,
त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७
र बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले
पनि, जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु
भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो
सृष्टिको आरम्भदेखि जानिएका छन्।'

आमोस ९:११, परमेश्वरले अब्राहमलाई दिनुभएको आउनेवाला मसिहको (येशू) कबौल हुन् भनेर प्रायजसो यहूदी धर्मगुरूहरूले विश्वास गरेका थिए। यहूदीहरूका पूर्खा अब्राहम पछि त्यही कबौल परमेश्वरले दाउदलाई सुनाउनुभएको थियो। आउनेवाला उद्धारकर्ता मसिह (येशू)बारेमा पुरानो करारमा जताततै उल्लेख गरेको पाइन्छ। दाउदैकै वंशबाट नयाँ राजाको जन्म हुनेछ र धेरै राष्ट्रहरूमा शासन गर्नेछ भन्ने अब्राहमदेखिको प्रतिज्ञा (उत्पत्ति १२:१-३) पूरा हुनेथियो। एदोम जस्ता परमेश्वरका जनहरूका बैरीहरूमाथि मसिहले राज गर्नेछ रे। परमेश्वरका जनहरूको पुनःस्थापना हुनेछ र तिनीहरू फेरि कहिलै पनि नाशिने छैन रे।

दाउद वंशका महान सुपुत्र येशू ख्रीष्टको आगमनले परमेश्वरको कबौल पूरा भएको थियो। आफू वचनवद्ध हुनुहुन्छ भनेर परमेश्वरले प्रमाणित गर्नुभएको थियो। गैर-यहूदी जाति जसलाई यहूदीहरूले म्लेच्छ अर्थात् विधर्मी तथा विदेशी भनेर सम्बोधन गर्दथे तिनीहरूलाई पनि परमेश्वरले दिनुहुने मुक्तिको ढोका खोला गरिएको छ भनेर येशूका चेला याकूबले आमोसको वचनलाई उदृध गरेका थिए। जातरहित रहेर चर्चमा सदस्यता हासिल गर्दै परमेश्वरले दिनुहुने मुक्तिको स्वाद पूर्णरूपमा चाख्न सबै मानिसहरूलाई अवसर दिइएको छ। कबूल अनुसार अब्राहम र दाउदको वंशबाट बालक भएर जन्मिनुभएको मसिह अर्थात् उद्धारकर्ता, चाहे यहूदी जाति होस् वा गैर-यहूदी जाति होस्

सबैलाई मुक्तिको आशिषको प्रस्ताव परमेश्वरले प्रदान गर्नुभएकोछ। त्यो प्रस्ताव स्वीकार गर्ने वा नगर्ने आत्मनिर्णयको अधिकार पनि उहाँले प्रत्येक मानिसलाई सुम्पिनु भएको छ।

**हो, सम्पूर्ण भौतिक तथा आत्मिक पुनःसंरचना केवल येशूको दोस्रो आगमनमा मात्र पूर्णरूपमा सम्पन्न हुनेछ। परमेश्वरले दिनुभएका ती प्रतिज्ञाहरूलाई सहर्ष स्वीकार गर्नेहरूले मात्र त्यो प्रतिज्ञा पूरा भएको देख्नेछन्। त्यस प्रतिज्ञा र आशालाई हामीले कसरी जगाइ राख्ने?**

## उपसंहार:

**थप जानकारी:** " कति आत्मिक तथा बौद्धिक ज्ञान हामीले हासिल गरेका छौं त्यसको आधारमा हामी परमेश्वरको सामु उभिने होइनौं। बरू हामीले जे पाएकाछौं त्यसलाई हामीले कसरी उपभोग गरेकाछौं त्यसमा भरपर्दछ। परमेश्वरका महान् ज्योति पाएर पनि त्यस आत्मज्ञान अनुसार चल्न इन्कार गर्नेहरूभन्दा परमेश्वरलाई विश्वास नगर्ने वा उहाँलाई विश्वास गर्ने अवसर नपाएका तर आफूले थाहा पाए अनुसार जे उचित छन् त्यस अनुसार चल्नेहरू, उहाँको अगाडि असल हुनेछन्। येशूका विश्वासी हुँ भनेर दावी त गर्ने तर आफ्नो जीवनशैली त्यस विश्वासमा नढाल्नेहरूले तिनीहरूको आत्मिक जीवन असफल भएको देखाउँदछ।"-एलेन जी ह्वाइट, *द डिजायर अभ एजेज्,* पृ. २३९बाट रूपान्तरित।

## चिन्तनमनन:

अ. खराब, दुष्ट आचरणप्रति वितृष्णा देखाउँदै, जे असल छ त्यसप्रति मोहित हुनु भनेको के हो, सोको बारेमा विचारविमर्स गर्नुहोस्। असललाई खराब र खराबलाई असल भनेर देख्नु पनि कतिको खतरापूर्ण छ सोको बारेमा पनि विचार गर्नुहोस्। कतिपय समाज र संस्कारमा बाइबलको मूल्यमान्यता छाएको देखिन्दैन। त्यस्तो परिस्थितिमा असल र खराब कसरी छुट्याउने? एउटा संस्कार तथा समाजमा असल भनेर स्वीकार गर्ने तर अर्को समाजमा संस्कारमा खराब भनेर सिकाउने चालचलनलाई बाइबल अनुसार कसरी हेर्ने? संस्कार वा परम्पराको नाउँमा बाइबलसम्मत नचल्ने

आचरणप्रति हामी कसरी सजग हुने? चाहे व्यक्तिविशेष होऔं वा चर्च समूदायमा नै हामी किन नहोऔं, समाजमा भइरहेको बदलिन्दो परिस्थितिप्रति हामी कोहि पनि सुरक्षित छैनौं, छौं त? वर्षौं भित्रमा तपाईंको समाज र संस्कारमै भएको परिवर्तनको बारेमा सोच्नुहोस्। उदाहरणमा पहिला लाजमर्दो अहिले खुलारूपमा चलेको व्यवहार के के छन्, नियाल्नुहोस् त? चर्चको मनिस्थिति वा शिक्षामा पनि ती कार्यशैलीहरूले कस्ता प्रभाव पारिरहेकाछन्? खराबलाई असल भन्ने खतराको धरापबाट हामी कसरी सुरक्षित हुने? फेरि त्यसै समयमा कस्ता कस्ता संस्कारहरू छन् जसले येशूले देखाउनुभएको प्रेमको नितिलाई अङ्गाल्न चर्चलाई प्रभाव पारिरहेकाछन्? तपाईंको र चर्चमा कस्तो परम्पराले प्रभाव पारेको छ जसले येशूको जीवनलाई ग्रहण गर्न सजिलो बनाइदिएका छन्?

आ. परमेश्वरको वचन सुन्न भोको रहेर त्यसको अनिकालको अनुभव गर्नु भनेको के हो, त्यसको बारेमा सोच्नुहोस्। त्यो कसरी हुनसक्छ? के जानाजानी परमेश्वरले मानिसहरूबाट सत्यलाई लुकाउनुहुन्छ त? वा मानिसहरूको मनिस्थिति वा प्रवृत्तिले गर्दा परमेश्वरको वचन सुन्न असमर्थ हुन गएको हो? वा अरू केही छ कि?

इ. हामी सेभन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्दछौं। हामीमा परमेश्वरले प्रकट गर्नुभएको धेरै अचम्म र महान् सत्य तथा धर्मदर्शनहरू छन्। तर मुक्तिको निम्ति ती विद्याहरू पर्याप्त छ भनेर विचार गर्ने खतरामा त हामी छैनौं? समाजमा र चर्चहरूमा बसीबियालो गर्ने सिलसिलामा हामीहरूले पाएका सत्य मार्गले हामीलाई कसरी प्रभाव पार्न दिनुपर्दछ? अर्थात् अर्को भाषामा भन्ने हो भने हामीहरूले पाएका आत्मज्ञान अनुसार हामी कसरी चल्ने? समग्र आत्मिक र व्यवहारिक जीवनको निम्ति त्यो निति अनुसार चल्न किन जरूरी छ?